**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०७ जून २०२५**
**समयः १८:५० – १९:०० बजे**

**मुख्य समाचार**

- ईद-उल-अजहा आज देशको विभिन्न भागहरु साथै पश्चिम बंगालमा पनि मनाइंदैछ।
- सिक्किम पुलिसले दार्जीलिङ पहाडका गोर्खा सेवा सेनाका दुई प्रमुख नेताहरूलाई पक्राउ गरेको छ ।

- पश्चिम बंगाल स्कूल सेवा आयोग भर्ती घोटाला मामलामा सीबीआईले नयाँ प्रमाणको आधारमा एक विशेष अदालत मा पांच आरोपितको आवाजको नमूना लिने अनुमति मांगेको छ।
- सिलगढ़ी शहरको भक्तिनगर थाना क्षेत्र नजिक आज ठुलो आगलगीको घटना भएको छ।
- मौसम विभागले उत्तरबंगाल मा आजदेखि केही दिनको लागि वर्षाको तीव्रता मा कमी आउने संभावना व्यक्त गरेको छ।

**ममता-ईद-उल-अजहा**

ईद-उल-अजहाको पावन अवसर मा आज पश्चिम बंगाल को मुख्यमंत्री ममता बनर्जीले राज्यवासीलाई शुभकामना दिनुभएको छ। मुख्यमंत्रीले आफ्नो संदेश मा राज्यवासी साथै देशवासीहरुलाई शुभकामना दिनुहुँदै भाईचारा तथा शांति को भावनालाई अघि बढ़ाउने आह्वान गर्नुभएको छ। सुश्री बनर्जीले यो पर्व बलिदान, श्रद्धा अनि मानवताको उदाहरण रहेको बताउनुहुँदै राज्यवासीहरुसित एकजुटताको साथमा त्यौहार मनाउने अपील गर्नुभएको छ। देश तथा राज्य भरीमा आज मुस्लिम समुदायले पूर्ण श्रद्धा अनि भक्तिको साथमा ईद-उल-अजहा मनाए। मस्जिदहरुमा विशेष नमाज अदा गरिन साथै सामाजिक सौहार्दको संदेश दिइयो।

**विशेष प्रसारण- एनडीए सरकार-11 वर्ष**

देशमा सेवा, सुशासन र गरीब कल्याणको सिद्धांतले प्रेरित एक दशकमा महत्वपूर्ण परिवर्तन  भएको छ। आकाशवाणी समाचारले पछिछलो 11 वर्षमा  प्रमुख क्षेत्रहरुमा सरकारको प्रयासोहरु बारे एक विशेष प्रसारण लिएर आएको छ। यस श्रृंखलामा आज प्रस्तुत छ पर्यावरण संरक्षण र विकासमा केन्द्रित यो विशेष प्रसारण....

**स्कूल सेवा आयोग**

पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यूबीएसएससी) भर्ती घोटाला मामलामा सीबीआईले एउटा ठुलो प्रमाण प्राप्त गरेको बताइएको छ। जांच एजेंसीलाई हालै एउटा ऑडियो-वीडियो प्रमाण प्राप्त भएको छ जसमा करौड़ों रुपयाँको घोटालामा शामेल मानिसहरुको भूमिकालाई स्पष्ट पार्न सक्ने तथ्य रहेको बताइएको छ। ऑडियो-वीडियो सामग्री मा भर्ती प्रक्रियाका विभिन्न चरणहरुका योजना तथा क्रियान्वयनको जानकारी पनि अघि आएको छ। नयाँ प्रमाणको आधारमा सीबीआईले कोलकाताको एक विशेष अदालत मा याचिका दर्ता गरी पांच आरोपितको आवाजको नमूना लिने अनुमति मांगेको खबर प्राप्त भएको छ। अदालतले यस मामला आगामी 12 जूनमा  सुनवाई गर्नेछ।

**एरेष्ट**

सिक्किम पुलिसले दार्जीलिङ पहाडका गोर्खा सेवा सेनाका दुई प्रमुख नेताहरूलाई पक्राउ गरेको छ। सुवासमणि सिंहलाई कालेबुङ अनि विक्रमादि राईलाई दार्जिङबाट पक्राउ गरिएको छ। सिक्किमको गृह विभागले यी दुवै नेता तथा यसै संगठनका सिक्किम का संयोजक नोएल शर्मा विरुद्ध एफआईआर हिज दर्ता गरेको थियो। एफआइआर मा यी तीनै नेताहरूले सिक्किम सरकारको राज्य स्थापना स्वर्ण जयन्ती दिवसको लोगो तथा सिक्किमको सामाजिक तथा राजनैतिक सौहार्दलाई एक सार्वजनिक सम्मेलनमा भ्रामक तथ्यहरूद्वारा विथोल्ने प्रयास गरेको आराेप लगाइएको छ।

दार्जीलिङ तथा कालेबुङ जिल्ला पुलिसको सहयाेगमा आज दिउँसो यी दुवै नेताहालाई पक्राउ गरिएको हो। पक्राउको बेला पत्रकारहरूसित कुराकानी गर्दै सुवासमणि सिंहले आफुहरूको स्वतन्त्रताको अभिव्यक्तिको हानी गरिदैछ भन्दै श्एक भारत श्रेष्ठ भारतश्ए  बमोजिम नै संवैधानिक बैधता तथा दार्जीलिङ सिक्किम विलयबारे आउँदो १५ जुनको दिन खरसाङमा एउटा सङ्गोष्टी आयोजित गरिएको बताए। यसको निमन्त्रण पत्रमा सिक्किम स्वर्ण जयन्तीको लोगोसहित ५० औ राज्य स्थापना दिवस अनि संवैधानिक परामर्श विषयमा सामिल हुन मानिसहरुलाई निमन्त्रित गरिएको थियो। उनले बताए यसमा यदि लोगो प्रयोगले सिक्किमको वैधानिकतामा केही असर परे हामी सुधार गर्न तयार छाैं। उनले अझ बताए हाम्रो मनसाय सिक्किमको सामाजिकए राजनैतिक सौहार्दलाई बिथाेल्ने कदापि होइन तर सिक्किम दार्जिलिङको विषय सम्बन्धित ऐतिहासिक दस्तावेजहरुबारे छलफल गर्नु हो। अर्कोतिर विक्रमादि राईले पनि एक प्रेस विज्ञप्ति जारी गर्दै गोर्खाको हितको लागि आफू जेल जान तयार रहेको बताएका छन्। उनले पनि सो विज्ञप्तिमा उल्लिखित विषयहरुलाई पनि उद्धृत गर्दै सिक्किम सरकारको कार्यवाहीले अभिव्यक्तिकाे स्वतन्त्रतालाई बिथाेल्ने बताएका छन्।

**सिलगढ़ी-आगो**

सिलगढ़ी शहरको भक्तिनगर थाना क्षेत्र नजिक आज ठुलो आगलगीको घटना भएको खबर प्राप्त भएको छ। क्षेत्रमा रहेको एउटा दोकानबाट आगो शुरु भएको बताइएको छ भने आगोले अन्य धेरै दोकानलाई पनि आफ्नो चपेटमा लिएको बताइएको छ। आगो माथि काबू पाउनका लागि अग्निशमन विभागका कर्मचारीहरुले धेरै परिश्रम गरिरहेका छन्।

**सुन्दरबन**

वर्षाको मौसम मा सुंदरबन मा पर्यटकहरुको आवाजाही माथि पूर्ण प्रतिबंध लागू रहनेछ। पश्चिम बंगाल को वन विभागले यस वर्ष पनि आगामी 15 जून देखि 15 सितंबर सम्मको अवधिको लागि यो कदम उठाएको हो। प्रतिबंधको उद्धेश्य बाघ, मृग, तथा अन्य वन्यजीवहरु सहित माछाहरुको  प्रजनन प्रक्रियालाई सुरक्षित वातावरण प्रदान गर्न हो। यस अवधि सुंदरबन मा पर्यटकहरुको प्रवेश माथि रोक लगाइन साथै जंगलबाट संसाधन संग्रह अनि नदीहरुमा माछा पक्रने गतिविधिहरुमाथि पनि पूर्ण प्रतिबंध रहनेछ।